# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, असोज १० गते २०४५ साल (संख्या २४

## भाग ३

श्री ५ को सरकार

### उद्योग मन्त्रालयको सूचना

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १० को उपदफा (१) को खण्ड (ख) को उपखण्ड (३) को प्रयोजनको लागि खण्ड ३७ मिति २०४४ साल माघ ४ गतेको नेपाल राजपत्र भाग ३ को संख्या ३९ मा प्रकाशित यस मन्त्रालयको सूचनामा निम्नबमोजिम हेरफेर गरेको छ ।

१) सूचनाको खण्ड (ख) को क्र. सं. (९) पछि देहायबमोजिमको (१०) थप गरिएको छ ।

“(१०) सुती होजियरी उद्योग ।”

२) सूचनाको खण्ड (ग) को क्र.सं. (७) पछि देहायबमोजिमको (८) र (९) थप गरिएको छ ।

“(८) एम. एस. इन्गट वा बिलेट उत्पादन गर्ने उद्योग ।”

“(९) आवास विकास निर्माण र बिक्री वितरण व्यवसाय ।”

३) सूचनाको खण्ड (च) को क्र.सं. (५) को सट्टा देहायबमोजिमको (५) राखिएको छ ।

“(५) कृषिमा आधारित विशेष उद्योग ।”

आज्ञाले,

राधारमण उपाध्याय

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।